# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७६/०७७
चलानी नं :- ९६२

मिति - २०७६/५/३१

**बिषय – संविधान दिवस मनाउने सम्वन्धमा ।**

श्री वडा कार्यालय सवै(११ वटै वडा)
टोखा नगरपालिका , काठमाडौं ।

संविधान दिवस २०७६लाई भव्य र व्यापकताका साथ मनाउने सन्दर्भमा यस नगरपालिकाको तपशिल वमोजिम गर्ने गराउने निर्णय भएकोले सोहि अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

२०७६।५।३१
..........
(अनिल प्रसाद जोशी)
अधिकृतस्तर सातौं
अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

तपशिल

१. संविधान दिवस २०७६ लाई भव्य र व्यापकताका साथ मनाउन नगरपालिका कार्यालयले एक हजार प्रति झण्डा तोकिएको ढाँचामा निर्माण गर्ने ।
२. नगरपालिका अन्तर्गतका सवै वडा कार्यालयहरुलाई प्रति वडा ५० थानका दरले राष्ट्रिय झण्डा उपलब्ध गराउने । साथै सामुदायिक विद्यालयहरुलाई समेत आवश्यक सजिसजावटको लागि नगरपालिकावाट राष्ट्रिय झण्डा उपलब्ध गराउने ।
३. नगरपालिका भित्र रहेका सवै संस्थागत विद्यालयहरु, उद्योग वाणिज्य संघ टोखालाई प्रति विद्यालय/ संघ ५०/५० थानका दरले राष्ट्रिय झण्डा निर्माण गर्न अनुरोध गर्ने ।
४. सवै वडा कार्यालयहरुले वडा अन्तर्गतका संघ संस्था, विद्यालय, क्लव लगायत सम्पूर्ण वडावासीहरुलाई उपस्थित गराई वडाध्यक्षको नेतृत्वमा प्रभातफेरी, दीपावली आयोजना गर्ने साथै नगरमा नगर प्रमुखको अध्यक्षतामा नगरका सवै कर्मचारीहरु ,उद्योग वाणिज्य संघ टोखा लगायतका संघ संस्थाको उपस्थितीमा विभिन्न् कार्यक्रमहरु गरि भव्य र व्यापकताका साथ संविधान दिवस २०७६ मनाउने ।
५. २०७६ आश्विन ३ गते विहान सैनिक मञ्चमा आयोजना हुने कार्यक्रममा जनप्रतिनिधि, कर्मचारीहरु, उद्योगवाणिज्य संघ टोखा र टोखा नगरपालिकाको मौलिकता झल्कने झाँकी सहित प्रतिनिधित्व गर्ने ।